**२०७७ साल जेठ २३ गते शुक्रबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- कर्णाली प्रदेश सहकारी नियमावली, २०७६ स्वीकृत गर्ने विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/९-२०७६/११/२३ को प्रस्ताव प्र.मं.प.बै.सं. २१/०७६ मिति २०७६/११/२३ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तावित कर्णाली प्रदेश सहकारी नियमावली, २०७६ मा संघीय सहकारी ऐन, नियमावली र कर्णाली प्रदेश सहकारी ऐन, २०७५ सँग तादाम्यता हुने गरी केही विषयहरु परिमार्जन गरी मिलाउनु पर्ने देखिएको हुँदा परिमार्जन गरी पेश गर्ने गरी प्रस्ताव फिर्ता गर्न मन्त्रिपरिषद्मा सिफारिस गर्ने।"

- प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/०७-२०७६/०६/१७ को प्रस्ताव प्र.मं.प.बै.सं. १३/०७६ मिति २०७६/०७/०७ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा "युवा परिषद् सम्बन्धी संघीय ऐन निर्माणको क्रममा रहेको र सो ऐन निर्माण भएपश्चात सोसँग तादाम्यता हुने गरी प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक निर्माण गर्न उपयुक्त हुने भएकोले हाल प्रस्तावित विधेयकका सम्बन्धमा कारवाही अघि नबढाउने।"

**संवत् २०७७ साल असोज महिना १६ गते शुक्रवार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- कर्णाली प्रदेश प्रहरी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २-६/२०७७/०५/१३ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ११/०७७ मिति २०७७/०५/१५ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तावित मस्यौदामा देहायबमोजिम परिमार्जन गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो"

<u>देहायः</u>

१. दफा २ को खण्ड "क" मा "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियूक्ति गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ भन्ने खण्ड थप गर्ने।

२. दफा ५ (१) खण्ड (क) मा रहेको "प्रथम -श्रेणी प्रदेश प्रहरी प्रमुख" भन्ने शब्दहरुको सट्टा "प्रथम श्रेणी - प्रहरी नायब महानिरीक्षक" शब्द राख्ने।

३. दफा ७ को उपदफा (६) मा रहेको "जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि मन्त्रालयले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिन सक्नेछ" भन्ने उपदफाको सट्टा "जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि प्रमुख जिल्ला अधिकारीले प्रदेश प्रहरी परिचालन गर्न सक्नेछ । त्यसरी प्रहरी परीचालन गर्दा प्रमुख जिल्ला अधिकारीले प्रदेश मन्त्रालयको निर्देशनमा रही काम गर्नुपर्नेछ ।" भन्ने उपदफा राख्ने।

४. दफा ९ को उपदफा (२) मा "प्रदेश प्रहरी प्रमुखको रुपमा खटिएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह लगाई प्रदेश प्रहरीको रुपमा काम गर्नुपर्नेछ।"भन्ने उपदफाको सट्टा " प्रदेश प्रहरी प्रमुखको पदमा खटिएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको लोगो लगाउनुपर्नेछ ।" भन्ने उपदफा राख्ने।

५. दफा ११ को "राष्ट्रिय प्रहरी किताबखाना" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय किताबखानामा (प्रहरी)" शब्दहरु राख्ने।

६. दफा १२ को उपदफा (१) मा रहेको "प्रदेश प्रहरी सेवाको रिक्त पदहरुमा बढुवाद्वारा पदपूर्ति गर्न देहायबमोजिमको समिति रहनेछ।" भन्ने उपदफाको सट्टा देहायको उपदफा राख्ने। "प्रदेश प्रहरी सेवाको रिक्त पदमा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहायबमोजिमको पदपूर्ति समिति रहनेछ।"भन्ने उपदफा राख्ने।

७. दफा २१ मा रहेको "कार्य वाहक र निमित्त" भन्ने शब्दको सट्टा "कायम मुकायम र निमित्त" भन्ने शब्द राख्ने।

८. दफा २६ को उपदफा (१) मा रहेको "प्रदेश प्रहरी कर्मचारीहरुको रिक्त पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछन्:" भन्ने बाक्यको सट्टा "प्रदेश प्रहरी

कर्मचारीहरुको रिक्त पदमा खुला प्रतियोगिता तथा बढुवा प्रक्रियाद्धारा पदपूर्तिका लागि सिफारिस गर्न देहाय बमोजिमका छनौट समिति रहनेछन्" भन्ने शब्द राख्ने।

९. दफा २८ को उपदफा (१) मा रहेको "जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र अवधिभर प्रदेश प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदावर हुन सक्ने छैन।" भन्ने शब्दको सट्टा "प्रहरी कर्मचारी बढुवाको लागि देहायको अवस्था र अवधिभर सम्भाव्य उम्मेदावर हुन सक्ने छैन। भन्ने शब्द राख्ने।"

१०. दफा ८७ को उपदफा (२) मा रहेको" ..... अवधिलाई गैर" भन्ने बाक्यको पछाडि " विदा जनाई गैर विदा सम्बन्धी कसूरमा दफा ८१ बमोजिम कारबाही" शब्द राख्ने।

११. दफा ९९ को उपदफा (१) मा रहेको "...... मन्त्रालय अन्तर्गत" शब्दहरुको पछाडि " प्रदेश प्रहरी किताबखाना" शब्द थप गर्ने।

१२. दफा १०९ को उपदफा (१) मा रहेको" यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।भन्ने शब्दको सट्टा " यस ऐनको उदेश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।" भन्ने शब्द राख्ने।

१३. बिधेयकको मस्यौदामा दफा, उपदफा, खण्ड, उपखण्ड आदि तथा अनुसाङ्गिक, प्रसाङ्गिक र शुद्दाशुद्दिसमेत मिलाउने ।

१४. उल्लिखित बिषयवस्तुलाई ध्यानमा राखी अन्य आबश्यक बिषयवस्तुहरुसमेत हेरी मस्यौदा परिमार्जन गरी उक्त बिधेयक प्रदेश शभामा पेश गर्न स्विकृति दिने ।